# ललितपुर उप-महानगरपालिका कार्यालय
## खरिद इकाई, पुल्चोक, ललितपुर

# पर्यटक सेवा शुल्क संकलन सम्बन्धी
# बोलपत्र आह्वानको पुनः सूचना
प्रथम सूचना प्रकाशित मिति २०७२/७/२४

ललितपुर उप-महानगरपालिकाको पर्यटन सेवा शुल्क संकलन सम्बन्धमा मिति २०७१/११/२७ प्रकाशित सूचना बमोजिम स्वीकृत ठेकेदार ललितपुर उप-महानगरपालिका वडा नं. १२ निवासी श्री सचिन महर्जन ठेक्का सम्झौताको लागि निर्धारित मितिमा सम्झौता गर्न उपस्थित नभएको हुदा मिति २०७२/७/१७ को बोर्डको निर्णयानुसार उक्त ठेक्का रद्ध गरी निजले राखेको धरौटी रकम रू.३०,००,०००/- (तीस लाख) सदरस्याहा गरी स्वायत्त शासन ऐन, २०५५ दफा १४४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ मा व्यवस्था भए बमोजिम पर्यटन सेवा शुल्क संकलनको लागि स्थानीय निकाय, आर्थिक प्रशासन नियमावली, २०६४ मा उल्लेखित कानुनी प्रावधान अनुसार मिति २०७२ पौष १७ गते देखि मिति २०७५ असार मसान्त सम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही तपशीलमा उल्लेखित न्यूनतम रकममा नघटाई इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र रित पूर्वकको गोप्य शिलवन्दी बोलपत्र पेश गर्न पुनः आव्हान गरिन्छ ।

**शर्तहरु**

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित मितिले ३० औं दिन अर्थात मिति २०७२ मंसिर २३ गते कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन महाशाखा, पुल्चोकबाट कार्यालय समयमा नगद रू. ३०००/- (तीन हजार रूपैया फिर्ता नहुने गरी बुझाई खरिद गर्न सकिनेछ ।

४. बोलपत्र दाखिला गर्न नेपाल सरकारको इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनीले इजाजत पत्र, आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपीका साथै स्थानीय निकायमा दर्ता भै कर चुक्ता भएको व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५. बोलपत्र दाताले आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ र अंक र अक्षर फरक पर्न गएमा वा प्रष्ट नभएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. बोलपत्रका साथ प्रथम वर्षको कवोल अंकको ५% (पांच प्रतिशत ले हुने रकम (विदेशी नागरिकको हकमा १०%) नेपाल बैंक लिमिटेड, गावहाल शाखा स्थित यस कार्यालयको ल.पु.उ.म.न.पा.३.स.कां. ६ धरौटी ५१-१२८३६ नं. को धरौटी खातामा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ । धरौटी वापत बोलपत्र साथ नगद संलग्न भएको लाई मान्यता दिइने छैन ।

७. बोलपत्र फारामहरु बोलपत्र फारम बिक्री अन्तिम दिनको भोलिपल्ट ३१ औं दिन अर्थात मिति २०७२ मंसिर २४ गते दिनको १२:०० बजे भित्र फाराममा उल्लेखित आवश्यक कागजात सहित यस उ.म.न.पा. कार्यालयमा दर्ता गर्नु पर्नेछ । दाखिला भएको शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० बजे यस ल.पु.उ-म.न.पा कार्यालयमा बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिको रोहोवरमा खोलिनेछ । बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट कायम हुनेछ ।

८. बोलपत्र स्वीकृत भएपछि बोलपत्र स्वीकृतिको सूचना प्राप्त मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र स्वीकृत रकम बमोजिम प्रथम वर्षको २०७२ जेठ १ गते देखि असार मसान्त सम्म २ महिनाको कबोल रकम नेपाल बैक लिमिटेड, गाबहाल शाखाको खाता नं. ल.पु.उ.म.न.पा.ग४-३-स.का.१९५-१८०-५१-१३४९२ मा जम्मा गरेको सक्कल भौचर र प्रथम वर्षको कबोल अंकको बांकी ६०% ले हुने रकमको वि.सं. २०७५ असार मसान्त सम्म म्याद भएको, यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैकको इजाजत प्राप्त वाणिज्य बैकहरुबाट जारी गरिएको बैक ग्यारेण्टी (परफरमेन्स बण्ड सम्झौता अगावै पेश गर्नुपर्नेछ । ठेक्का सम्झौता अगाडि राखिएको बैक ग्यारेण्टी (परफरमेन्स वण्ड) दोश्रो र तेश्रो वर्ष ठेक्का रकमको ६०% ले हुने रकम बराबरको हुने गरी थप गरी प्रथम किस्ता रकम बुझाउने मिति भित्र नविकरण गर्नु पर्नेछ ।

९. प्रत्येक आर्थिक वर्षको शुरुको महिना श्रावण ७ गते भित्र एकमुष्ट वार्षिक कबोल रकम भुक्तान गरेमा स्थानीय निकाय, आर्थिक प्रशासन नियामावली २०६४ परिच्छेद नियम १७० बमोजिम १०% छुट दिइनेछ । यदि बोलपत्रदाताले कबोल बमोजिमको वार्षिक रकम किस्ताबन्दी बुझाउन चाहेमा ३ (तीन) किस्तामा दाखिला गर्नुपर्नेछ । किस्ताको विवरण बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

१०. बोलपत्र स्वीकृत भएको सूचना प्राप्त मितिले ७ (सात) दिन भित्र कार्यालयले माग गरे बमोजिमको बैक ग्यारेन्टी र प्रथम किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा ५% धरौटी रकम सदर स्याहा गरी दोश्रो बोलपत्र दातासंग सम्झौता गर्न सक्नेछ ।

११. पूर्व बोलपत्र बैठक(Pre Bid Meeting) प्रथम पटक सूचना प्रकाशित मितिले २० औं दिन दिनको २ बजे यस कार्यालयमा हुनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम र बोलपत्र फाराम तथा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. यस सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा र website: www.lalitpurmun.gov.np मा राखिनेछ ।

१४. बोलपत्र स्वीकृति गर्ने वा नगर्ने अधिकार ललितपुर उप-महानगरपालिकामा निहित रहनेछ ।

**कर उठाउने दररेट**

| ठेक्का नं | कर उठाउने शिर्षक | ठेक्का अंक वार्षिक | ठेक्का अंक अक्षरमा | प्रति व्यक्ति उठाउने शुल्क दररेट | कैफियत |
|---|---|---|---|---|---|
| १५/०७२/०७३ | पर्यटन सेवा शुल्क | प्रथम वर्ष: ६,००,००,०००/- (भ्याट बाहेक)<br>दाश्रो वर्ष<br>प्रथम वर्षको कबोल रकममा ५% थप हुनेछ ।<br>तेश्रो वर्ष<br>दोश्रो वर्षको कुल रकममा ५% थप हुनेछ । | प्रथम वर्ष:<br>छ करोड<br>(भ्याट बाहेक) | सार्क राष्ट्रको हकमा: रू. १००/- (एक सय)<br>अन्य राष्ट्रको हकमा: रू. ५००/- (पाँच सय मात्र) | प्रथम वर्ष आ.व. ०७२/०७३ को पौष १७ गते देखि २०७२ आषाढ मसान्त महिनाको ठेक्का रकम बुझाउनु पर्नेछ । |